**"समृद्धिको लागि शिक्षा"**

## खुम्बु पासाङल्हामु गाउँपालिका र हिमालयन ट्रष्ट नेपाल छात्रवृत्ति

*खुम्बु पासाङल्हामु गाउँपालिका र हिमालयन ट्रष्ट नेपालको संयुक्त कार्यक्रम*

# छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७७

**१. प्रस्तावना**

खुम्बु पासाङल्हामु गाउँपालिका, प्रदेश १ अन्तर्गत सोलुखुम्बु जिल्लाका स्थानीय तहहरु मध्ये सगरमाथा क्षेत्रमा अवस्थित पर्यटकीय गन्तव्यको रुपमा परिचित एक गाउँपालिका हो। नेपालको संविधानले माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापन गर्ने कार्यलाई स्थानीय सरकारको अधिकार क्षेत्रभित्र राखेको सन्दर्भमा गाउँपालिकाले शिक्षाको महत्वलाई जोड दिदै गुणस्तरीय शिक्षाको विकास र स्थानीय दक्ष जनशक्ति उत्पादनका लागि बिभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आइरहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहको कार्यक्षेत्रभित्र छात्रवृत्तिको व्यवस्था गरी यस गाउँपालिकाभित्र स्थायी बसोबास भएका जेहेनदार, बिपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, एकल महिला परिवारका सन्ततिहरु र अभिभावकविहिन विद्यार्थीहरुलाई तोकिएको विषयहरुमा स्नातक तह अध्ययनका लागि छात्रवृत्ति प्रदान गर्ने कार्य प्राथमिकतामा राखी सोही अनुसार गाउँपालिकाले आवश्यक स्रोत व्यवस्था गर्ने निर्णय गरेको छ। यस कार्यक्रमबाट गाउँपालिकाले आफ्नो क्षेत्रमा आवश्यक पर्ने सबल, सक्षम र दक्ष जनशक्तिको उत्पादन गरी रोजगारीका अवसरहरु सिर्जना गर्ने लक्ष्य लिएको छ ।

हिमालयन ट्रष्ट नेपाल, सर एडमण्ड हिलारीले सन १९६० मा सगरमाथा क्षेत्रको शिक्षा, स्वास्थ्य, संस्कृति तथा वातावरण संरक्षण, जीविकोपार्जन लगायतका क्षेत्रहरुको विकासमा सुरु गरेका कार्यहरुलाई निरन्तरता दिनका लागि स्थापित सोलुखुम्बु जिल्लामा लामो समयदेखि सक्रिय रहँदै आएको एक गैर-सरकारी संस्था हो। हिमालयन ट्रष्ट नेपालले सोलुखुम्बु जिल्लाका विद्यालयहरुमा गुणस्तरीय शिक्षाका लागि विगत लामो समयदेखि विविध कार्यक्रमहरु सञ्चालन गरी स्थानीय समुदायहरको जीवन स्तर उकास्ने कार्यमा सहयोग पुऱ्याउदै आइरहेको छ। हाल यस संस्थाले हिमालयन ट्रष्ट न्युजिल्याण्ड र न्युजिल्याण्ड पराराष्ट्र मामिला तथा व्यापार मन्त्रालयको सहयोगमा खुम्बु पासाङल्हामु गाउँपालिकाको १६ वटा विद्यालय र सोलुदुधकुण्ड नगरपालिका भित्रका १६ वटा विद्यालयहरुमा पञ्च वर्षीय गुणस्तरीय शिक्षा कार्यक्रम लागु गरी कार्यान्वयन गरिरहेको छ ।

माथि उल्लिखित दुई संस्थाहरु खुम्बु पासाङल्हामु गाउँपालिका र हिमालयन ट्रष्ट नेपालको बिचमा शैक्षिक विकासका लागि समान लक्ष्य र उद्देश्यहरु रहेकाले "समृद्धिको लागि शिक्षा" भन्ने नाराका साथ दुवै संस्थाको साझेदारीमा संयुक्त कार्यक्रम **"खुम्बु पासाङल्हामु गाउँपालिका र हिमालयन ट्रष्ट छात्रवृत्ति कार्यक्रम"** लागु गर्न सहमत भएको छ। छात्रवृत्ति छनौट तथा व्यवस्थापन कार्यलाई पारदर्शी र प्रभावकारी बनाउन यो कार्यविधि बनाइ लागु गरेको छ ।

**२. संक्षिप्त नाम र प्रारम्भः**

२.१. यो कार्यविधिको नाम छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७७ रहेको छ ।

२.२. यो कार्यविधि खुम्बु पासाङल्हामु गाउँपालिका र हिमालयन ट्रष्ट नेपालले स्वीकृत गरी छात्रवृत्ति कार्यक्रम लागु गर्न सम्झौता पत्रमा हस्ताक्षर गरेको मितिदेखि लागू हुनेछ ।

**३. परिभाषा:- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

३.१. गाउँपालिका भन्नाले खुम्बु पासाङल्हामु गाउँपालिकालाई जनाउँछ ।

३.२. विद्यालय भन्नाले प्रचलित कानून बमोजिम सामुदायिक तथा संस्थागत विद्यालयको रुपमा प्रारम्भिक बाल शिक्षा विकासदेखि कक्षा १२ सम्म अनुमति प्राप्त गरेका विद्यालयलाई जनाउँछ ।



कार्यवाहक
खुम्बु पासाङल्हामु

३.३.छात्रवृत्ति भन्नाले यसै कार्यविधिले तोकेको आधार बमोजिम छनौट भएका विद्यार्थीहरुलाई स्नातक तह अध्ययन गर्नका लागि प्रदान गरेको सुविधालाई जनाउँछ ।

३.४.समिति भन्नाले छात्रवृत्ति छनौट समितिलाई जनाउँछ ।

## ४. उद्देश्य

यस कार्यविधिको उद्देश्य लक्षित वर्गका विद्यार्थीहरुलाई छात्रवृत्ति प्राप्त गर्ने अवसर सुनिश्चित गरी छात्रवृत्ति वितरणको व्यवस्थालाई पारदर्शी र व्यवस्थित बनाउनु रहेको छ ।

छात्रवृत्ति वितरणको उद्देश्यहरु निम्नानुसार रहेको छ :

३.१. गाउँपालिका क्षेत्रमा आवश्यक रहेका दक्ष जनशक्ति उत्पादन गर्न विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गर्ने,

३.२. युवापुस्तालाई स्थानीय स्तरमा रोजगारीका अवसरका लागि उच्च शिक्षा अध्ययन गर्न प्रोत्साहन गर्ने,

३.३. सामाजिक र आर्थिक रुपमा पिछाडिएका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन गर्न सहयोग गरी गरीबी निवारण गर्ने ।

## ४. समिति सम्बन्धी व्यवस्था

छात्रवृत्ति वितरणको कार्यलाई पारदर्शी र प्रभावकारी बनाउन गाउँपालिका र हिमालयन ट्रष्ट नेपालको एक संयुक्त छात्रवृत्ति समिति गठन गरिनेछ । समितिको नाम छात्रवृत्ति छनौट समिति हुनेछ ।

### ४.१ समितिको संरचना

छात्रवृत्ति वितरणको कार्यलाई प्रभावकारी र छरितो बनाउन एक तीन-सदस्यीय समिति गठन गर्नेछ । समितिमा निम्न बमोजिम एक जना संयोजक र २ जना सदस्यहरु रहनेछन् ।

| | |
|---|---|
| संयोजक | (१ जना, हिमालयन ट्रष्ट नेपालको तर्फबाट) |
| सदस्य | (२ जना, गाउँपालिकाबाट मनोनित) |

### ४.२. समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) कार्यविधि अनुसार छात्रवृत्ति सम्बन्धी सूचना प्रकाशन, परीक्षा सञ्चालन, नतिजा प्रकाशन र छात्रवृत्ति वितरण समेत गरी सोको जानकारी गाउँपालिका र हिमालयन ट्रष्ट नेपाललाई गराउने,

ख) लक्षित वर्गले छात्रवृत्ति पाए नपाएको अनुगमन तथा व्यवस्थापन गर्ने,

ग) छात्रवृत्ति प्राप्त विद्यार्थीहरुको वार्षिक प्रगति विवरण माग गरी छात्रवृत्ति उपलब्धताको स्थिति विश्लेशण गर्ने,

घ) गाउँपालिका र हिमालयन ट्रष्ट नेपाल बिच छात्रवृत्ति सम्बन्धी समन्वय गर्ने,

ङ) छात्रवृत्तिमा अध्ययन गरिरहेका विद्यार्थीहरुसंग समन्वय गर्ने ।

### ४.३. समितिको बैठक सम्बन्धी व्यवस्था

समितिको बैठक आवश्यकतानुसार बस्नेछ । समितिले शिक्षा क्षेत्रका विज्ञ, हिमालयन ट्रष्टका प्रतिनिधि र गाउँपालिकाको गाउँ शिक्षा समितिको सदस्यलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ । बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैंले तयार गरे बमोजिम हुनेछ ।

HIMALAYAN TRUST NEPAL 2007

टासी ल्हमु
कार्यवाहक अध्यक्ष
खुम्बु पासाङल्हामु गाउँपालिका

## ५. छात्रवृत्तिका विषय, कोटा र रकम सम्बन्धी व्यवस्था

तत्कालीन र दीर्घकालीन रुपमा गाउँपालिकाको लागि आवश्यक पर्ने शिक्षक लगायत सीपयुक्त र दक्ष जनशक्तिलाई मध्यनजर गर्दै छात्रवृत्तिका बिषयहरु निम्न तालिका अनुसार निर्धारण गरिएका छन् । छात्रवृत्तिका विषयहरु, कोटा र रकम सम्बन्धी विवरण तालिका १ मा दिइएको छ ।

**तालिका १ : छात्रवृत्तिका विषयहरु, कोटा र रकम सम्बन्धि विवरण**

| क्र.स. | बिषयगत क्षेत्र | सिट संख्या | कोर्स पुरा गर्न लाग्ने अवधि (महिना) | अनुमानित खर्च | | गाउँपालिका र हिमालयन ट्रष्ट नेपालको योगदान | |
|---|---|---|---|---|---|---|---|
| | | | | कोर्स गर्न लाग्ने खर्च | जम्मा खर्च | हिमालयन ट्रष्ट (४० प्रतिशत) | गाउँपालिका (६० प्रतिशत) |
| १ | वि.ई (सिभिल) | २ | ४८ | ६,००,००० | १२,००,००० | ४,८०,००० | ७,२०,००० |
| २ | वि. एस्सी. (वन विज्ञान) | १ | ४८ | ८,००,००० | ८,००,००० | ३,२०,००० | ४,८०,००० |
| ३ | वि. एस्सी. (कृषि) | २ | ४८ | ३,५०,००० | ७,००,००० | २,८०,००० | ४,२०,००० |
| ४ | बि. एस्सी. (भेटेरीनेरी) | २ | ६० | ३,५०,००० | ७,००,००० | २,८०,००० | ४,२०,००० |
| ५ | स्नातक (कानुन) | १ | ३६ | ३,००,००० | ३,००,००० | १,२०,००० | १,८०,००० |
| ६ | बि.एड. (बिज्ञान) | ४ | ४८ | ३,००,००० | १२,००,००० | ४,८०,००० | ७,२०,००० |
| ७ | वि.एड. (गणित) | ४ | ४८ | ३,००,००० | १२,००,००० | ४,८०,००० | ७,२०,००० |
| ८ | वि.एड. (अंग्रेजी) | ४ | ४८ | ३,००,००० | १२,००,००० | ४,८०,००० | ७,२०,००० |
| ९ | वि.एड. (सामाजिक) | ४ | ४८ | ३,००,००० | १२,००,००० | ४,८०,००० | ७,२०,००० |
| १० | वि. एस्सी. (वातावरण विज्ञान) | १ | ४८ | ३,५०,००० | ३,५०,००० | १,४०,००० | २,१०,००० |
| ११ | स्नातक (पर्यटन व्यवस्थापन) | १ | ४८ | ३,५०,००० | ३,५०,००० | १,४०,००० | २,१०,००० |
| १२ | स्नातक (कम्प्युटर साइन्स र आई.टी.) | २ | ४८ | ३,५०,००० | ७,००,००० | २,८०,००० | ४,२०,००० |
| | कुल | २८ | | | ९९,००,००० | ३९,६०,००० | ५९,४०,००० |

## ६. छात्रवृत्ति आवेदन दिनका लागि चाहिने योग्यता र मापदण्ड

क) आवेदक खुम्बु पासाङल्हामु गाउँपालिका भित्रको स्थायी बासिन्दा हुनु पर्नेछ ।

ख) उक्त गाउँपालिकाका स्थायी बासिन्दाले देशभित्रका कुनै पनि सामुदायिक वा बोर्डिङबाट कक्षा १२ पुरा गरेकाले आवेदन दिन सक्नेछ ।

ग) गाउँपालिकाले २०७६ सालमा छात्रवृत्ति आव्हान गर्दा आवेदन दिने आवेदकहरुले दफा ५ मा तोकेका विषय मिल्ने भएमा पुनः आवेदन दिन सक्नेछ तर पढाई शुरु गरिसकेकाहरुको हकमा भने बाँकी अवधिको लागि मात्र छात्रवृत्ति दिईनेछ ।

### ६.१. छात्रवृत्ति नपाउने अवस्था

क) विदेशमा अध्ययन गर्नको लागि,

ख) नेपाल सरकारको वा अन्य कुनै निकायबाट सोही तह अध्ययनको लागि जुनसुकै छात्रवृत्ति प्राप्त गरिरहेको,

ग) गलत वा झुठा विवरण भरेको प्रमाणित भएमा,

## ७. छात्रवृत्ति छनौटका मापदण्ड

क) कक्षा १२ मा आवेदकले प्राप्त गरेको जी.पी.ए.

ख) खुम्बु पासाङल्हामु गाउँपालिका भित्रका विद्यालयहरुबाट एस.ई.ई. र कक्षा १२ उत्तीर्ण गर्नेलाई प्राथमिकता स्वरुप ५ ग्रेस मार्क दिईनेछ ।

ग) सम्वन्धित क्याम्पस र विश्वविद्यालयको प्रवेश परीक्षा उत्तीर्ण भएपछि मात्र छात्रवृत्तिका लागि छनौट हुनेछ ।

घ) छात्रवृत्ति कोटाको कुल संख्या मध्ये पचास प्रतिशत महिला हुनु पर्नेछ । साथै कुल कोटा संख्या मध्ये चालिस प्रतिशत आर्थिक, सामाजिक (अपाङ्ग, दलित, एकल महिला, अभिभावक विहीन) लैङ्गिक र वर्गीय रुपले विपन्नलाई छुट्याउनेछ (यसमा पनि पचास प्रतिशत महिला हुनु पर्नेछ) ।

ङ) आवेदकले अध्ययन पुरा गरेपछि खुम्बुमा फर्केर कम्तीमा २ बर्ष काम गर्न प्रतिबद्धता जनाएको हुनु पर्नेछ ।

## ८. छात्रवृत्तिका लागि विद्यार्थी छनौट प्रक्रिया

क) यो छात्रवृत्ति व्यवस्थापनको लागि गाउँपालिका र हिमालयन ट्रष्ट नेपाल बीच ५ वर्षे सम्झौता गर्नेछ ।

ख) दफा ४ अनुसार गठन गरेको समितिले प्रवेश परीक्षा शुरु हुनुभन्दा कम्तीमा एक महिना अगावै सार्वजनिक सूचना जारी गरी आवेदन संकलन गर्नेछ । छात्रवृत्तिका लागि आवेदन आव्हान गर्न  स्थानीय एफ.एम., दुवै संस्थाका सामाजिक सञ्जाल र सूचना पाटीमा सूचनाहरु प्रकाशन गरिनेछ । पहिलो वर्ष सबै २८ कोटाको लागि सूचना निकाल्ने र पहिलो सबै विषयहरुमा आवेदन नपरेमा दोस्रो बर्ष पुनः बाँकी कोटाको लागि आवेदन आव्हान गर्नेछ। तोकिएको म्याद भन्दापछि आएका आवेदनहरु छनौट प्रक्रियामा सामेल गराइने छैन ।

ग) प्राप्त आवेदनहरु छानविन गरी आवेदकहरुको सूची प्रकाशन गर्ने र आवेदकहरुलाई सम्बन्धित विषयको प्रवेश परीक्षा तयारी सम्बन्धी आवश्यक सल्लाह सुझाव दिन ।

घ) प्रवेश परीक्षा उत्तीर्ण भएका विद्यार्थीहरु मध्येबाट दफा ७ मा उल्लेखित मापदण्डका आधारमा निर्धारित कोटामा छात्रवृत्तिको लागि विद्यार्थी छनौट गरी छात्रवृत्ति प्रदान गर्नेछ ।

ङ) छात्रवृत्तिको लागि दिने निवेदनको ढाँचा अनुसूचि-१ बमोजिम हुनेछ ।

च) आवेदकले निवेदनका साथ अनुसूचि-२ बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

## ९. छात्रवृत्ति सम्बन्धी आवश्यक शर्तहरु

क) प्रवेश परीक्षा उतीर्ण गरेका विद्यार्थीहरुलाई मात्र उच्चतम प्राप्ताङ्कको आधारमा छात्रवृत्ति प्रदान गरिनेछ ।

ख) छात्रवृत्ति प्राप्त विद्यार्थीले स्नातक तहको अध्ययन पूरा गरिसकेपछि गाउँपालिका क्षेत्रभित्र कम्तीमा २ वर्ष सेवा गर्नुपर्नेछ । गाउँपालिकाभित्र दरबन्दी/रिक्त स्थान नभएको खण्डमा कम्तीमा ६ महिना स्वयं सेवा गर्ने गरी कबुलियतनामा गर्न सहमत हुनुपर्नेछ ।

ग) छात्रवृत्ति प्राप्त विद्यार्थीले तोकिएको समयभित्र अध्ययन पुरा गर्नु पर्नेछ र शुरुमा छनौट भएको विषय शैक्षिक सत्र शुरु भएपछि परिवर्तन गर्न पाईने छैन ।

घ) यदि छात्रवृत्ति प्राप्त विद्यार्थीले पढाइ बिचैमा छोडेमा छात्रवृत्ति बापत प्राप्त सम्पूर्ण रकम छात्रवृत्ति प्रदायक संस्थालाई फिर्ता गर्नु पर्नेछ ।

ङ) छात्रवृत्ति प्राप्त विद्यार्थीले नियमित रुपमा कक्षा लिनु पर्ने र प्रत्येक सेमेष्टर र बार्षिक परीक्षाहरुमा उत्तीर्ण [illegible] । यदि विद्यार्थीले परीक्षा उत्तीर्ण गर्न नसकेमा अर्को शैक्षिक सत्रबाट छात्रवृत्ति रोक्का गरिनेछ । विद्यार्थी[illegible] सेमेष्टर र बार्षिक शैक्षिक प्रगतिको विवरण समितिलाई बुझाउनु पर्नेछ ।

च) अध्ययन पुरा भएपछि विद्यार्थीले आफ्ना शैक्षिक प्रमाण-पत्रहरुका प्रतिलिपिहरुका साथै छात्रवृत्तिले अध्ययन पुरा गर्न कसरी सहयता मिल्यो भन्ने बिषयमा एक पृष्ठ लामो प्रतिवेदन पनि समितिमा बुझाउनु पर्नेछ । यदि नबुझाएमा छात्रवृत्तिको अन्तिम किस्ता निकासा गरिने छैन ।

छ) आवेदकले अनुसूचि-३ बमोजिमको काबुलियतनामामा हस्ताक्षर गरी सबै शर्तहरु पालना गर्नु पर्नेछ ।

### १०. छात्रवृत्ति रद्द गरिने अवस्था

देहायको अवस्थामा समितिले यस कार्यविधि बमोजिम छात्रवृत्ति रद्द गरी छात्रवृत्ति प्रदायक संस्थाबाट प्रदान गरिएको सम्पूर्ण रकम असुल उपर गरिनेछ ।

क) झुट्टा विवरण पेश गरेमा,

ख) अध्ययनको वार्षिक विवरण समयमा नबुझाएमा,

ग) अध्ययन पूरा नगरेमा,

घ) अध्ययन अवधिमा फौजदारी कसूरमा दोषी प्रमाणित भएमा,

ङ) सम्बन्धित शिक्षण संस्थाबाट निष्कासित भएमा,

च) छात्रवृत्ति प्राप्त गरेको विषय परिवर्तन गरेमा,

छ) दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको पाइएमा

### ११. छात्रवृत्तिको अवधि

स्नातक तहका छात्रवृत्तिको अवधि बि.एल. को ३ बर्ष र बि.एस्सी. भेटेरीनेरीको पाँच बर्षको हुनेछ भने अन्य बिषयहरुको अवधि ४ बर्षको हुनेछ । यद्यपि, शैक्षिक सत्रको शुरुमा भर्ना भएदेखि कोर्स पुरा भइ अन्तिम परीक्षा हुने महिनासम्मको अवधिमात्र छात्रवृत्ति प्रदान गरिनेछ । आवेदकले शैक्षिक संस्थामा भर्ना भएको प्रमाण पेश गरेपछि पहिलो महिनाबाट छात्रवृत्ति सुरु हुने र बिश्व विद्यालयको शैक्षिक क्यालेण्डर अनुसार स्नातक तहको अन्तिम सेमेस्टरको कोर्स पुरा भइ परीक्षामा सामेल भइसकेपछि छात्रवृत्तिको अवधि समाप्त हुनेछ । यदि कुनै कारणवश अन्तिम बर्षको अन्तिम परीक्षा ढिलो हुन गएमा माथि तोकिएभन्दा बढी अवधि छात्रवृत्ति प्रदान गरिने छैन ।

### १२. छात्रवृत्तिको रकम निकासा र व्यवस्थापन

क) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीहरुले आफूले अध्ययन गर्ने क्याम्पसको सिफारिस सहित नेपाल राष्ट्र बैंकबाट (क) वर्गको मान्यता प्राप्त बैंक वा तोकेको बैंकमा खाता खोली सोको जानकारी छात्रवृत्ति छनौट समितिलाई दिनु पर्नेछ ।

ख) गाउँपालिका र हिमालयन ट्रष्ट नेपालले छुट्टाछुट्टै चेक मार्फत छनौट भएका विद्यार्थीबाट अनुसूचि-३ बमोजिमको कबुलियतनामा लिइ तोकिएको छात्रवृत्ति रकम बैंक खातामार्फत निकासा दिइनेछ । हिमालयन ट्रष्ट नेपालले विद्यार्थीहरुको प्रगति अनुगमन गरेर छात्रवृत्ति समितिलाई प्रतिवेदन दिएपछि मात्र रकम निकासा गरिनेछ ।

ग) हिमालयन ट्रष्ट नेपालका छात्रवृत्ति अधिकृतले विद्यार्थीहरुको सम्पूर्ण विवरण र अभिलेखहरु राख्ने र विद्यार्थीहरुको अनुगमन गरी बार्षिक रुपमा समितिलाई प्रतिवेदन दिनेछ । समितिले प्रतिवदेनमाथि छलफल गरी आवश्यक निर्णय र कार्यवाही गर्नेछ ।

घ) समितिले विद्यार्थीहरुसंग कम्तीमा बर्षको एक पटक भेटघाट गरी विद्यार्थीहरुको प्रगति समिक्षा तथा अन्तरक्रिया गर्नेछ ।



कार्यवाहक अध्यक्ष
खुम्बु पासाङल्हामु गाउँपालिका

## १३. विविध

**१३.१. जिम्मेवार हुनुपर्नेः-** निर्धारित कोटामा स्नातक तह अध्ययनका लागि प्रदान गरिने छात्रवृत्ति व्यवस्थापन सम्बन्धी सूचना प्रकाशन गर्ने, बैठक बोलाउने, आवेदकहरुको सूची प्रकाशन गर्ने, विद्यार्थी छनोट गर्ने र छात्रवृत्ति वितरण गर्ने लगायतका काम समयमै सम्पन्न गर्नको लागि गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत र हिमालयन ट्रष्ट नेपालका कार्यक्रम व्यवस्थापक प्रमुख जिम्मेवार रहनेछन् ।

**१३.२. अधिकार प्रत्यायोजनः-** समितिले आफूलाई प्राप्त अधिकारहरु मध्ये केही अधिकार समितिका कुनै सदस्य वा अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१३.३. अनुसूचीमा हेरफेरः-** अनुसूचीमा लेखिएको विषयवस्तुका अतिरिक्त अन्य विषयहरु थप गर्न आवश्यक देखिएमा गाउँपालिका र हिमालयन ट्रष्ट नेपालले आपसी सहमतिमा अन्य विषयवस्तु थप तथा हेरफेर गर्न सकिनेछ ।

**१३.४. कार्यविधि संशोधनः-** यस कार्यविधिमा गाउँपालिका र हिमालयन ट्रष्ट नेपालले आपसी सहमतिको आधारमा आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

**१३.५. निष्क्रिय हुनेः-** यस कार्यविधिमा उल्लेखित कुनैपनि बुँदा प्रचलित ऐन, कानुनसंग बाझिएमा बाझिएको बुँदा स्वतः निष्क्रिय हुनेछ ।

HIMALAYAN TRUST NEPAL 2007

खुम्बु पासाङल्हामु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौरीखर्क, सोलुखुम्बु १ नं. प्रदेश नेपाल

टासी ल्हमु
कार्यवाहक अध्यक्ष
खुम्बु पासाङल्हामु गा...

Attach recent passport size photo

**अनुसूची १: छात्रवृत्ति निवेदन फाराम**

**खुम्बु पासाङल्हामु गाउँपालिका र हिमालयन ट्रष्ट नेपाल छात्रवृत्ति**

पूर्ण रुपमा भरिएका फारामलाई मात्र लिईनेछ । सबै प्रश्नको उत्तर लेख्नुहोस् ।

## व्यक्तिगत विवरण

पुरा नामः ..................................................

पुरा नाम (अंग्रेजीमा) ..................................................

लिंगः पुरुष ....महिला ...... जन्म मिति (बि.स.) ......../...../...........(दिन/महिना/साल)

जन्म मिति (ई.स.) ......../...../...........(दिन/महिना/साल)

स्थायी ठेगानाः गाउँपालिका .......................... वडा नं. ...... गाउँ/टोल .....................
जिल्लाः ......................................

हालको ठेगानाः गाउँपालिका .............................. वडा नं. ..... गाउँ/टोल ........................
जिल्लाः ......................................

ईमेलः .................................... **मोवाईल नं.** ...........................फोन नं. .........................

अभिभावकको नामः बुवाः .............................................. आमाः ...........................................
बाजेको नामः ..............................

अभिभावकको ठेगानाः गाउँपालिका ............................ वडा नं. ...... गाउँ/टोल ........................
जिल्लाः .......................... मोवाईल नं. ................................

अभिभावकको वार्षिक आम्दानीः रु. ............

## *शैक्षिक पृष्ठभूमि*

हालसालै अध्ययन गरेको विद्यालय/कलेजको नामः ....................................................

विद्यालय/कलेजको ठेगानाः गाउँपालिका/नगरपालिका .................. वडा नं. ...... गाउँ/टोल ............
जिल्लाः .......................... सम्पर्क नं. ........................................
पुरा गरेको तह र बिषयः तह .............. बिषयः ............
उत्तीर्ण गरेको सालः ............ जि.पि.ए./प्रतिसतः ............

## *स्नातक तहमा पढ्न चाहेको बिषय*

कोर्ष/डिग्रीको नामः ........................ मुख्य विषयः ................

कलेज/शैक्षिक संस्थाको नामः ....................................................

कलेज/शैक्षिक संस्थाको ठेगानाः गाउँपालिका/नगरपालिका ................... वडा नं. ... गाउँ/टोल ......
जिल्लाः ....................................... सम्पर्क नं. .......................

**यो छात्रवृत्तिको बारेमा कसरी जानकारी पाउनु भयो ?**

| | | |
|---|---|---|
| ..... विद्यालयबाट | ..... साथीबाट | ..... **स्थानीय संचार माध्यमबाट** |
| ..... आफन्तबाट | ..... सामाजिक सञ्जालबाट | ..... **अन्य** |

**हाल, तपाईको अन्य कुनै छात्रवृत्ति वा व्यक्तिगत दाता हुनुहुन्छ ?** **छ** ..... **छैन** .....

छ भने, कस्ले सहयोग गर्नुहुन्छ ? ..............................

खुम्बु पासाङल्हामु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौरीखर्का, सोलुखुम्बु १ नं. प्रदेश नेपाल

**टासी ल्हेन्दु शे**
कार्यवाहक अध्यक्ष
खुम्बु पासाङल्हामु गा...

HIMALAYAN TRUST NEPAL 2007

## *निवेदकको प्रेरणा र प्रतिवद्धता*

(तलको प्रश्नको जवाफ दिनुहोस्, आवश्यक परेमा थप उत्तर पुस्तिकाको प्रयोग गर्नुहोस्)

भविष्यमा तपाई के बन्न चाहनुहुन्छ ?

भविष्यमा तपाई कहाँ र के काम गर्न चाहनुहुन्छ ?

तपाईलाई स्नातक तहमा यो कोर्स रोज्नको लागि कसरी प्रेरणा मिल्यो ?

तपाईलाई छात्रवृत्ति किन चाहिन्छ ? किनकी यस छात्रवृत्तिबाट तपाईले शैक्षिक शुल्क मात्र तिर्न सक्नु हुन्छ, बाँकी खर्च कसले सहयोग गर्छ ?

---

आवेदकको नाम : ..........................

आवेदकको हस्ताक्षर : ......................

मिति : ....................................

**अनुसूचि-२ : आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरुको विवरण**

१. एस.ई.ई. परीक्षा उतीर्ण गरेको लब्धांक र चारित्रिक प्रमाण पत्रको प्रतिलीपि,

२. कक्षा १२ वा सो सरह उतीर्ण गरेको लब्धांक र चारित्रिक प्रमाण पत्रको प्रतिलीपि,

३. विद्यार्थी स्थायी रुपमा बसोबास गर्दै आएको वडा कार्यालयको सिफारिस पत्र,

४. आर्थिक, सामाजिक (अपाङ्ग, दलित, एकल महिला, अभिभावक विहीन) लैङ्गिक र वर्गीय रुपले विपन्न आवेदकले आफ्नो वडा कार्यालयको सिफारिस,

५. सम्बन्धित क्याम्पस र विश्वविद्यालयको प्रवेश परीक्षाको नतिजाको प्रतिलिपि

६. विद्यार्थी र अभिभावकको नागरिकताको प्रतिलीपि,

७. हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति,

खुम्बु पासाङल्हमु गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय चौरीखर्का, सोलुखुम्बु १ नं. प्रदेश नेपाल

HIMALAYAN TRUST NEPAL 2007

टासी ल्हमु शेर्पा
कार्यवाहक अध्यक्ष
खुम्बु पासाङल्हमु गाउँपा

कार्यवाहक अध्यक्ष

अनुसूचि-३ : कबुलियतनामाको ढाँचा

श्री ........................................ को नाति/नातिनी, श्री ...................................... को छोरा/छोरी .............................. गाउँपालिका वडा नं. ........ गाउँ/टोल ...................... बस्ने .............................. मितिमा जन्म भएको म .................................... खुम्बु पासाङल्हामू गाउँपालिका र हिमालयन ट्रष्ट नेपालबाट आ.व. .............................. मा ...................... तहमा .............................. विषय अध्ययन गर्न छात्रवृत्ति प्राप्त भएपछि अध्ययनको वार्षिक रुपमा प्रगति विवरण बुझाउनको साथै अध्ययन पूरा गरी गाउँपालिका क्षेत्रभित्र कम्तीमा २ वर्ष सेवा गर्नेछु। साथै गाउँपालिकाभित्र दरबन्दी/रिक्त स्थान नभएको खण्डमा कम्तीमा ६ महिना स्वयं सेवा गर्नेछु। मैले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा नगरेमा, छात्रवृत्ति प्राप्त गरेको विषय परिवर्तन गरेमा, झूटा विवरण पेश गरेमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको पाइएमा, अध्ययनको वार्षिक विवरण समयमा नबुझाएमा, अध्ययन अवधिमा फौजदारी कसूरमा दोषी प्रमाणित भएमा र सम्वन्धित शिक्षण संस्थाबाट निश्काषित भएमा मैले छात्रवृत्तिवापत पाएको आर्थिक सुविधा तथा सो मा लागेको व्याज रकम समेत गाउँपालिका र हिमालयन ट्रष्ट नेपाललाई बुझाउनेछु। सो रकम नबुझाएमा सरकारी बाँकी सरह असूल उपर गरेमा मेरो मञ्जूरी भएकोले यो कबुलियतनामा गरी दिएको छु।

**छात्रवृत्ति पाउनेको तर्फबाट:**

दस्तखत:

नाम:

ठेगाना:

सम्पर्क नं.

इमेल:

मिति:

**अध्ययन गर्ने शिक्षण संस्थाको**

नाम:

ठेगाना:

सम्पर्क नं.

इमेल:

ल्याप्चे

दायाँ बायाँ

खुम्बु पासाङल्हामू गाउँपालिका र हिमालयन ट्रष्ट नेपालबाट आ.व. ............................ मा ..................... तहमा ............................ विषय अध्ययन गर्न छात्रवृत्तिको लागि छनौट भएको मेरो छोरा/छोरीले उपरोक्त कबुलियतनामा बमोजिमको शर्त पूरा नगरेमा मेरो छोरा/छोरीले छात्रवृत्तिवापत पाएको आर्थिक सुविधा तथा सो मा लागेको व्याज रकम समेत सरकारी बाँकी सरह मेरो जायजेगथाबाट असूल उपर गरेमा मेरो मञ्जूरी छ।

छात्रवृत्ति पाउने विद्यार्थीको अभिभावकको तर्फबाट

दस्तखत: ल्याप्चे

नाम: दायाँ बायाँ

सम्पर्क नं.

इमेल:

मिति:

साक्षी रोहवर:

१)

२)

३)